आज मिति २०७९ साल फाल्गुन ०९ गते मंगलबार बिहान ८:०० बजे गाउँपालिकाको बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा कार्यक्रममा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता

श्री ताराप्रय अधिकारी. प्र.अ.

श्री चन्द्रिका थापा

<u>सम्वत् २०७९ साल फाल्गुन ०९ गते मंगलबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु</u>

<table>
<tr><th>निर्णयनं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>अघिल्ला कार्यपालिका बैठकका निर्णयहरु समीक्षा सम्वन्धमा।</td><td>यस गाउँपालिकाको यस अघि मिति२०७९/१०/२५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो।</td></tr>
<tr><td>२</td><td>खानेपानी आयोजनामा साझेदारी गर्ने सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको वडा नं. ५ र ८ को निम्न खानेपानी आयोजना सञ्चालनको लागि सिड्स नेपाल सिन्धुलीसँग तपसिल बमोजिम लागत साझेदारी गर्न समपूरक कोषबाट रकम विनियोजन गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>खानेपानी योजनाको नाम</th><th>वडा नं.</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>साँढिखोप खानेपानी आयोजना</td><td>५</td><td>रु.१,००,०००/- (एक लाख)</td><td></td></tr>
<tr><td>२.</td><td>लायोगाउँ खानेपानी आयोजना</td><td>८</td><td>रु.४,००,०००/- (चार लाख)</td><td></td></tr>
</table></td></tr>
<tr><td>३</td><td>झोलुङ्गे पुलको लागि सिफारिस गरी पठाउने सम्वन्धमा ।</td><td>नेपाल सरकार, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको प.सं. ०७९/८०, च.नं. १४०, मिति २०७९/१०/२४ को पत्रानुसार झोलुङ्गे पुलको विवरण माग भई आएकोले यस गाउँपालिकाको निम्न बमोजिम स्थानहरुमा नयाँ झोलुङ्गे पुल निर्माणको लागि आवश्यक भएकोले माग गरी पठाउने ।
<table>
<tr><th>सि.नं.</th><th>झोलुङ्गे पुलको नाम</th><th>वडा नं.</th><th>नदी/खोला/खहरेको नाम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>किंरातेखोला फेदी चौतारा झो.पु.</td><td>२ र ३</td><td>किंराते खोला</td><td></td></tr>
<tr><td>२.</td><td>सुकुम्वेर खुमलटार झो.पु.</td><td>४ र १०</td><td>भालुखोला</td><td></td></tr>
<tr><td>३.</td><td>भिमस्थान विरौटे जोड्ने झो.पु.</td><td>२</td><td>किंराते खोला</td><td></td></tr>
<tr><td>४.</td><td>वोक्से हात्तीसार वोर्क्से झो.पु.</td><td>१ र ३</td><td>जिर्गाहा खोला</td><td></td></tr>
<tr><td>५.</td><td>हाँडीखोला लोखर्के दोभान झो.पु.</td><td>४</td><td>हाँडीखोला</td><td></td></tr>
<tr><td>६.</td><td>दर्के स्याङ्ती झो.पु.</td><td>४ र ११</td><td>हाँडीखोला</td><td></td></tr>
</table></td></tr>
</table>



Scanned with CamScanner

सम्वत् २०७९ साल फाल्गुन ०९ गते मंगलबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | ७. | नक्कले शनी झो.पु. | १ र ५ | चँदाहा खोला | |
| | | ८. | राघे आँपडाँडा झो.पु. | ५ | लंगुरखोला | |
| | | ९. | करौंजे भदौर गुर्जेल झो.पु. | ५ | चँदाहा खोला | |
| | | १०. | शिशावोट घुम्वारी झो.पु. | ५ | लंगुरखोला | |
| | | ११. | कार्तिक खोलागाउँ झो.पु. | ८ | वाक्सु खोला | |
| | | १२. | निवुवाटार सल्लाटार वाक्सुखोला | ८ | वाक्सु खोला | |
| | | १३. | रखालडाँडा महभीर झो.पु. | ८ | महभिर खोला | |
| | | १४. | भुँडेखोला महभीर झो.पु. | ८ | भुँडेखोला | |
| | | १५. | कन्याखोला सातवोटे झो.पु. | ९ र ११ | कन्याखोला | |
| | | १६. | धोवीखोला इच्छाधारी मन्दिर झो.पु. | ११ | हाँडीखोला | |
| | | १७. | ढाँडेदोभान साठीमुरे झो.पु. | १० | भालुखोला | |
| | | १८. | डाडाँखर्क रिट्ठे भालुखोला झो.पु. | ९ | भालुखोला | |
| | | १९. | करमडाँडा उपिन्थुम्का झो.पु. | ६ | अर्मले खोला | |
| | | २०. | डुम्डुम्मे घ्याम्पा झो.पु. | ६ | चँदाहा खोला | |
| | | २१. | वलिटार न्याउले झो.पु. | ९ र १० | भालुखोला | |
| | | २२. | हत्पते निवुवाटार झो.पु. | १ | हत्पते खोला | |
| | | २३. | लंगुरदोभान शाखामाडी झो.पु. | १ र २ | चँदाहा खोला | |
| | | २४. | शनिढाँट पाइलाडे झो.पु. | १० र ११ | भालुखोला | |



Scanned with CamScanner

सम्वत् २०७९ साल फाल्गुन ०९ गते मंगलबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु


| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ४ | डिभिजन वन कार्यालय मझुवाको अनुरोध पत्र सम्वन्धमा । | तीनपाटन सव-डिभिजन वन कार्यालय, मझुवादोभानको च.नं. १११, मिति २०७९/१०/२५ को पत्रानुसार माग भई आएको ५८.०४ वर्ग मिटर सिन्थेटिक कार्पेट, ७ वटा झ्यालको लागि पर्दा, १ वटा वाटर फिल्टर र ८ वटा डोर म्याट कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको उचित शिर्षकवाट खरिद गरी उपलब्ध गराउने । |
| ५ | गाउँपालिकाको कार्यालय नयाँ प्रशासकीय भवनमा सर्ने सम्वन्धमा । | यही मिति २०७९ फाल्गुन २९ गतेको शुभसाइतमा यस गाउँपालिकाको कार्यालय नयाँ निर्मित प्रशासकीय भवनमा सर्नएक औपचारिक उद्घाटन कार्यक्रमको आयोजना गर्ने ।उक्त उद्घाटन कार्यक्रममा सिन्धुली जिल्ला क्षेत्र नं. १ का प्रतिनिधि सभाका सांसद मा. श्याम कुमार घिमिरे ज्युलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने । साथै, कार्यक्रममा पूर्व सङ्घीय सांसदहरु, वागमती प्रदेश सभाका वहालवाला तथा पूर्व सांसदहरु, राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका सिन्धुली जिल्लाका प्रमुखहरु, गाउँपालिकास्तरीय तथा वडास्तरीय राजनीतिक दलका प्रमुखहरु, पहिलो गाउँ सभाका सम्पूर्ण सदस्यहरु, गाउँसभाका वहालवाला सदस्यहरु, संघ संस्थाहरु, पत्रकारहरु, कर्मचारीहरु, स्थानीय बुद्धजीवि तथा भद्रभलाद्मीहरु लगायतलाई आमन्त्रण गरी सभ्य र भव्य रुपमा गर्ने । कार्यक्रमको तयारी लगायतका सम्पूर्ण कार्य गर्न निम्न वमोजिमको एक कार्यसमिति गठन गर्ने ।<br>(क) श्री युवराज काफ्ले, अधिकृत सातौं शिक्षा - संयोजक<br>(ख) श्री चन्द्र प्रसाद न्यौपाने, वैघ निरीक्षक छैठौं - सदस्य<br>(ग) श्री मुकुन्द प्रसाद पौडेल, वडा अध्यक्ष, वडा नं. २ - सदस्य<br>(घ) श्री मोहन वहादुर गौतम,वडा अध्यक्ष, वडा नं. ९ - सदस्य<br>(ङ) श्री भुपालसिंह तामाङ, वडा अध्यक्ष, वडा नं. ५- सदस्य<br>(च) श्री पुण्यहरी भुजेल, वडा अध्यक्ष, वडा नं. १० – सदस्य<br>(छ) श्री तिलक वहादुर वस्नेत क्षेत्री, वडा अध्यक्ष, वडा नं. ११ - सदस्य |



Scanned with CamScanner

सम्वत २०७९ साल फाल्गुन ०९ गते मंगलबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | कार्यक्रममा लाग्ने सम्पूर्ण खर्च यस गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शिर्षकहरुबाट व्यहोर्ने । |
| ६ | प्राथमिक स्वास्थ्य केन्द्र वेलघारीको एम्बुलेन्स मर्मत सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. १ स्थित प्राथमिक स्वास्थ्य केन्द्र, वेलघारीको एम्बुलेन्स मर्मतको लागि रु.४,१२,९००/- (चार लाख बाह्र हजार नौ सय) बराबरको इष्टिमेट प्राप्त भएकोले सो बराबरको रकम मेसिनरी मर्मत शिर्षकबाट भुक्तानी हुने गरी मर्मत गर्न/गराउन जिन्सी शाखालाई जिम्मेवारी दिने । अब उप्रान्त एम्बुलेन्सको आय व्यय सहितको चौमासिक प्रतिवेदन समन्धित स्वास्थ्य संस्थाद्वारा गाउँपालिकामा बुझाउनुपर्ने । |
| ७ | गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण सम्बन्धमा । | यस गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माणको लागि श्री रवुश्री इन्जिनियरिङ्ग कन्सल्टेन्सी, ललितपुरद्वारा सङ्कलित तथ्याङ्कमाथि छलफल गरी आवश्यक सुझाव प्रदान गरियो । |
| ८ | दान प्राप्त जग्गा स्वीकृति तथा दर्ता सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. ७ स्थित तोश्रामखोला स्वास्थ्य चौकी भवन निर्माणको लागि ऐ वडा निवासी श्री खगेन्द्रनाथ अधिकारी (ना.प्र.नं. १७७०/४२५८) ले निजको नाममा मालपोत कार्यालय, सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको साविक तोश्रामखोला गाविस वडा नं. २/क कि.नं. ६३ क्षेत्रफल ७-१-०-३ मध्ये उत्तर-पूर्व दिशाबाट क्षेत्रफल ४-०-०-० (चार रोपनी) दान प्राप्त जग्गा यस गाउँपालिकाको नाममा नामसारी पास गर्ने । |
| ९ | विविध । | १. यस गाउँपालिकाको आ.व. ०७९/८० को विनियोजित वजेटवाट् मुख्य सडक, बस्ति लगायतका महत्वपूर्ण स्थानमा सडक वत्ती जडान गर्न विधुत प्राधिकरणसँग समन्वय गरी कार्य अगाडी बढाउने ।<br>२. यस गाउँपालिकालाई बालमैत्री तथा पोषणमैत्री वडा घोषणा सम्बन्धी पूर्वतयारी गर्न वडाहरुलाई यस सम्बन्धी अभिमुखीकरण गर्न विकास साझेदार संस्थाहरुसँग समन्वय तथा साझेदारी गरी तालिम सञ्चालन गर्ने । |





Scanned with CamScanner